CIVIC ACTION TEAMS

# Nepal Coronavirus CivActs Campaign

अंक #५५
०८।१५।२०७७

**Coronavirus CivActs Campaign (CCC)** ले सरकार, सञ्चार माध्यम, संघसंस्था र आम नागरिक बिचको सूचनाको दुरी कम गर्न देशभरिबाट संकलन गरिएका हल्ला, नागरिकका जिज्ञासा तथा प्रश्नहरू संकलन गरी तथ्य पत्ता लगाएर आम नागरिकलाई सूचित गर्दछ । यसले आम नागरिकका आवश्यकताको पहिचान गर्नुकासाथै हल्लाहरूले कुनै नकारात्मक असर पुऱ्याउनुपुर्व सान्दर्भिक तथ्य आम नागरिक समक्ष प्रवाह गरी जोखिम न्युनिकरण गर्दछ ।

## सेप्टेम्बर १, २०२० देखी पुन: सुचारु हुने उद्दार उडान र व्यसस्थापन विधि

०१ दैनिक आगमन यात्रु सिमा ५०० जना ।

०२ RT-PCR परीक्षण सहज भएका मुलुक तथा सहरहरुबाट नेपाल आउन अनुमति भएका व्यक्तिका लागि नियमित उडान गर्ने ।

०३ नियमित उडानका लागि अनुमति नभएका श्रमिक रहेका मुलुकबाट नेपाली कुटनीतिक नियोगबाट सिफारिस भएको नामावली बमोजिमका यात्रुका लागि चार्टर उडान गर्ने ।

०४ नियमित उडानमा आउनेले ७२ घण्टा भित्रको RT-PCR '-ve' भएको प्रमाणपत्रसंगै फारम र कम्तिमा ७ दिनको होटल बुकिङ्को प्रमाण साथमा लिई आउने ।

०५ हावाई टिकट लिँदा यात्रुले होटलको खर्च पनि संगै बुझाउनु पर्ने ।

०६ वैदेशिक रोजगार कल्याणकारी कोषको खर्चमा उद्दार उडानबाट आउनेहरुलाई एकिकृत क्वारेन्टाईनमा राख्ने र सो को खर्च सरकारले व्यहोर्ने ।

०७ एउटै उडानबाट RT-PCR '-ve' भएका र RT-PCR परीक्षण नभएका व्यक्ति मिसाएर ल्याउन नपाईने।

स्रोत: https://mocit.gov.np/categorydetail/bhadau-4-cabinet-decisions-2077

## नेपाल अपडेट



स्वास्थ्यलाभको पत्र र आर्युबेद औषधी बोकेर होम आइसोलेशनमा रहेका कोरोना संक्रमितलाई भेट्दै बुटवल उपमहानगरपालिकाका प्रमुख शिवराज सुबेदी ।
तस्बिर: भवानी प्रसाद पाण्डे

### परिक्षण

पिसिआर परिक्षण: ६,१०,४६९
पोजेटिभ: १३,७१५
उपचाररत: १३,७१५
मृत्यु : १५७






Source: https://covid19.mohp.gov.np/#/

accountabilitylab NEPAL

# हल्ला र तथ्य



सरकारले विदेशबाट आउने नेपाली नागरिकका लागि होटल क्वारेन्टाईन तोकेको छ रे । होटल आफै छान्न पाउने हो कि, सरकारले जहाँ जाउ भन्छ, त्यही जाने हो ?

कोभिड - १९ का कारण स्वदेश आउनैपर्ने अवस्थामा रहेका नेपाली नागरिकलाई स्वदेश फर्किन चाहेमा कम्तिमा पनि ७ दिन होटल क्वारेन्टाईनमा बस्नुपर्ने भनेर सरकारले मापदण्ड बनाएको छ । जसका लागि सरकारले जम्मा ३,५०० बेड सहितको होटलको सूचि सार्वजनिक गरेको छ । सो सूचिसंगै होटलको स्तर अनुसार दर रेट, होटलको बेड क्षमता र सम्पर्क पनि सार्वजनिक गरेको छ । स्वदेश फर्किने सम्बन्धित नेपाली नागरिकले आफ्नो क्षमता अनुसारको दर रेटका होटल छनौट गर्न सक्नेछन् । विस्तृत विवरण तल दिईएको लिंकमा हेर्न सकिनेछ ।

स्रोत: https://daokathmandu.moha.gov.np/public/upload/



संक्रमितको संख्या दिन प्रतिदिन बढ्दै गईरहेको छ । आईसोलेशन बेड थोरै छ । मान्छेमा संक्रमित भईहाले के गर्ने भन्ने डर छ । सरकारले के गर्दैछ ?

सरकारले काठमाण्डौ उपत्यकामा हाललाई कम्तीमा ६,००० आईसोलेशन बेडको प्रवन्ध गर्दैछ । काठमाण्डौ उपत्यका भन्दा बाहेक अन्य जिल्लामा प्रदेश मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयले संक्रमणको जोखिम आँकलन गरी आईसोलेशन बेडको प्रवन्ध गर्नेछ । यसको व्यवस्था र सञ्चालनको लागि आवश्यक बजेट प्रदेश कोरोना संक्रमण रोकथाम, नियन्त्रण तथा उपचार कोषबाट उपलब्ध गराउने र सो आईसोलेशनको सुरक्षा प्रवन्ध नेपाली सेनाले गर्ने निर्णय सरकारले गरिसकेको छ ।

स्रोत: https://mocit.gov.np/categorydetail/bhadau-4-cabinet-decisions-2077



एकजनाकै कोरोना परीक्षण गरेको खर्च सरकारले १ लाख भन्दा बढी देखायो नि ? के परीक्षण गर्न यतिधेरै खर्च लाग्छ ?

मिति २०७७ भदौ ५ गते सम्म जम्मा ५,७९,८९९ जनाको चट(एऋच परीक्षण भएको छ । प्रयोगशाला परीक्षणमा मात्र हाल सम्म ३ अर्ब १८ करोड ९५ लाख ४४ हजार ५ सय खर्च भएको छ । जस अनुसार, हालसम्म ३०,४८३ जनामा संक्रमण पुष्टि भएको छ । यसरी एउटा संक्रमित व्यक्ति भेटाउन सरकारको १,०४,६२० रुपैयाँ खर्च हुन्छ । यसको मतलव यो खर्च संक्रमित पुष्टि भएका व्यक्तिको लागि मात्र भएको खर्च नभएर, जम्मा परीक्षणमा लागेको खर्च हो । जम्मा खर्चलाई संत्रमण पुष्टि भएका व्यक्तिमा भाग लाउँदा प्रति एक जना संत्रमित भेटाउन सरकारको १,०४६२० रुपैयाँ खर्च भयो भनेको हो ।

स्रोत: https://www.facebook.com/mohpnep/videos/243753580258358



कर्णाली प्रदेश सरकारले कोभिडका कारण स्वदेश फर्केका कामदारहरु लक्षित गरी कार्यक्रम उच्च प्रथमिकतामा राखिएको कुरा धेरै सुनिन्छ । साच्चिकै हो र ?

कर्णाली प्रदेश सरकारले ल्याएको चालु आर्थीक वर्ष २०७७/७८ को वजेटमा कोरोना प्रभावित परिवारका लागि रोजगारी सृजना गर्ने विषयलाई उच्च प्राथमिकतामा राखेको छ । रोजगार केन्ति्रत पुर्वाधार विकास कार्यक्रमको लागि रु. १ अर्व २० करोड वजेट विनियोजन गरिएको छ । कर्णाली प्रदेश सरकारको वजेटमा रोजगारीका अवसर वृद्धि र विकासलाई संगसंगै अघि बढाउन विभिन्न कार्यक्रम सञ्चालको लागि जम्मा ६ अर्व ५४ करोड रुपैयाँ विनियोजन गरिएको छ । जुन कुल वजेटको १९.३८ प्रतिशत हो ।

स्रोत: http://moeap.karnali.gov.np/uploads/files/Budget%20Book%202077%20(for%20Website).pdf

WhatsApp मार्फत हाम्रो बारेमा नियमित ताजा जानकारी पाउन

१. तपाईको कन्ट्याक्ट लिस्टमा **+2760806146** एड गर्नुहोस्

२. माथिको कन्ट्याक्ट नम्बरमा **Nepal** लेखेर म्यासेज पठाउनुहोस्




COVID-19

को बारेमा बुझ्न नि:शुल्क हटलाईन

viamo द्वारा प्रस्तुत

कोभिड - १९ सम्बन्धी सित्तैमा जानकारी लिनको लागि तपाईको NTC सिमकार्डबाट

३२१०० मा डायल गर्नुहोस्

accountabilitylab NEPAL

# Open Migration

## मुख्य गन्तव्य राष्ट्रमा रहेका नेपाली कामदार

| साउदी अरव | कुवेत | बहराईन | कतार | युएई | ओमान | मलेसिया | दक्षिण कोरिया |
|---|---|---|---|---|---|---|---|
| ३,३४,४५१ नेपाली | ७१,१९३ नेपाली | २६,००० नेपाली | ४,०६,९१७ नेपाली | २,२४,९०५ नेपाली | १७,०५७ नेपाली | ५००,००० नेपाली | ३८,८६२ नेपाली |
| ३,०७,४७९ संक्रमित | ८०,५२८ संक्रमित | ४९,३३० संक्रमित | १,१७,००८ संक्रमित | ६७,००७ संक्रमित | ८३,७६९ संक्रमित | ९,२६७ संक्रमित | १७,६६५ |
| १८७५ नेपाली संक्रमित | १६५० नेपाली संक्रमित | ४५१ नेपाली संक्रमित | २२,५०० नेपाली संक्रमित | २४०० नेपाली संक्रमित | ४५ नेपाली संक्रमित | ८१ नेपाली संक्रमित | |
| ११ मृत्यु भएका नेपाली | ७ मृत्यु भएक नेपाली | ३ मृत्यु भएका नेपाली | १६ मृत्यु भएका नेपाली | ३० मृत्यु भएका नेपाली | १ मृत्यु भएका नेपाली | | |



- गन्तव्य राष्ट्रमा संक्रमित नेपाली
- गन्तव्य राष्ट्रमा नेपाली जनसंख्या
- गन्तव्य राष्ट्रमा संक्रमित जनसंख्या
- गन्तव्य राष्ट्रमा मृत्यु भएका नेपाली

स्रोत: https://coronavirus.jhu.edu/map.html
https://www.covid19.nrna.org.np/
https://publications.iom.int/system/files/pdf/mp_nepal_2019.pdf

**ShramikSanjal**

## उद्धार उडान सम्बन्धी महत्वपूर्ण जानकारी

नेपाल सरकारले अनिश्चित कालको लागी चार्टर उडान बन्द गरेको छ भने, सेप्टेम्बर १ देखी केही देशहरूबाट नियमित उडान गर्ने भन्ने निर्णय गरेको छ । पिसिआर सहज भएका देशहरूबाट यि उडानहरू हुनेछन् । अन्य देशहरूबाट भने, कुटनीतिक नियोगको विशेष आग्रहमा चार्टर उडानहरू हुनसक्नेछन् ।

### नियमित उडान हुन सक्ने भनिएका देशहरू:

मलेसिया, यूएई, दक्षिण कोरिया, थाइल्याण्ड, जापान, चीन, हंकङ, अष्ट्रेलिया, अमेरिका, क्यानाडा र युरोपेली देशहरू।

### नेपाल आउन अनुमती भएका व्यक्तिहरू:

नेपाली नागरिक र नेपालस्थित विदेशी नियोगका कूटनीतिज्ञ कर्मचारी, संयुक्त राष्ट्रसंघका कर्मचारी मात्र ।



**www.facebook.com/shramik.sanjal** बाट तपाई हेरेक आईतबार, बुधबार र शुक्रबार बेलुका **UAE Time (8:00 PM), Qatar, KSA, Kuwait (7:00 PM) Malaysia (12 Midnight)** हाम्रो लाईभ हेर्न सुन्न सक्नुहुन्छ ।

accountabilitylab NEPAL

# $ फलो द मनी - खर्चको अर्थ

## २०७७ साल श्रावण मसान्त सम्म कोभिड - १९ को सन्दर्भमा भएको जम्मा खर्च

**१३ अर्ब ३७ करोड**




## संघिय सरकारमा भएको खर्च शिर्षक

औषधी तथा स्वास्थ्य उपकरण
रु. १,७५,५२,४०,०००

क्वारेन्टाईन व्यवस्थापन
रु. ४,६९,४६,०००

स्वास्थ्य बीमा
रु. २,९३,८८,९६,०००

अन्य
रु. १,२४,७३,०००

मानव स्रोत साधन परिचालन
रु. ५,७४,४३,०००

## प्रदेश सरकारले गरेको खर्च

रकम निकासा | खर्च भएको रकम



# $ फलो द मनी - खर्चको अर्थ

## छुट्टाछुट्टै मन्त्रालयमा २०७७ जेष्ठ देखी श्रावण सम्म भएको खर्चको अन्तर




## सरकारका तिनै तहमा २०७७ साल असाढ १ गते देखी श्रावण ३१ गते (२ महिना) मा भएको प्रतिदिन खर्च




सरकारले पहिलो पटक २०७७ जेष्ठ महिनामा र अहिले २०७७ श्रावण महिनामा कोरोना सम्बन्धी खर्चको विवरण सार्वजनिक गरेको छ । सरकारले सार्वजनिक गरेको भिन्दा भिन्दै मन्त्रालयले गरेको खर्चको तुलना गर्दा, रक्षा मन्त्रालय, संस्कृती, प्रयटन तथा नागरिक उड्डयन मन्त्रालय र शहरी विकास मन्त्रालयले गरेको खर्चको अन्तरमा हिसावकिताब नमिलेको देखिन्छ । यि मन्त्रालयहरुको अन्तर ऋणात्मक आउँछ । जुन सम्भव छैन र त्यहाँ हिसाव किताब गर्दा केही कमजोरी भएको देखिन्छ ।

दुई महिनाको अवधीमा सरकारले गरेको दैनिक खर्चले संघिय सरकारले प्रतिदिन कोभिड - १९ को सन्दर्भमा गरेको खर्च १ करोड १० लाख भन्दा बढी रहेको देखाउँछ । त्यसै गरेर, प्रदेश सरकारको प्रतिदिन खर्च ३२ लाख ७० हजार र स्थानीय सरकारको प्रतिदिन खर्च ५ करोड ७ लाख १० हजार रहेको छ । यो अंक आ.व.२०७६/७७ को पहिलो १० महिनामा भएको औषत खर्चभन्दा अधिक हो । यसले सरकारले छोटो समयको अवधिमा ठुलो रकम खर्च गरेको देखाउँछ । यसले सरकारको आर्थिक जवाफदेहिता र मितव्ययितामा पनि प्रश्न उठाउँछ ।

स्रोत: https://mocit.gov.np/categorydetail/covid-kharcha-bibaran-2077-shrawan

नोट: हाम्रो उद्देश्य सरकारले गरेको राम्रो काम र छुट्याएको बजेटको बारेमा सबैलाई जानकारी होस र सो पश्चात यस विषयमा नागरिक र अन्य सरोकारवालाको बिचमा छलफल भई सरकारलाई प्रयाप्त पृठपोषण प्राप्त होस् भन्ने हो । यहाँ प्रस्तुत विवरण पूर्ण हैन । उपलब्ध माध्यमबाट संग्रह गरी राखिएको हो । थप सही तथ्यांक संकलन गरी परिमार्जन गर्दै जानेछौं । यसमा सबैले सहयोग गरिदिनुहुन अनुरोध गर्दछौं ।

accountabilitylab NEPAL

# विदेशमा फसेका नेपालीको उद्धार कसले गर्ला ?



मेरो नाम रितेश राम्जाली मगर हो । मेरो परिवार नेपालगञ्ज उपमहानगरपालिका वडा न. २२ मा स्थायि रुपमा बसोबास गर्दै आएको छ । म दुई वर्ष देखी यु.ए.ई.मा **The secure** नामक सेक्युरीटी कम्पनीमा काम गर्दै आएको थिए ।

मेरो भिषा अवधि २०२०, मार्च ३१ सम्म थियो। त्यस पछि, सधैका लागि नेपाल फर्किने योजना थियो । विडम्बना ! कोरोना महामारीका कारण मेरो भिसा समाप्त हुन ७ दिन बाँकी हुँदा नेपाल सरकारले अन्तरराष्ट्रिय उडान बन्द गऱ्यो । अन्तराष्ट्रिय उडान आज खुल्ला कि भोली खुल्ला भनेर मेरो दैनिकी बित्दै गयो । केहि महिना पश्चात नेपाल सरकारले प्रवासी फिर्ता ल्याउने कुरा सुनेर खुशी लाग्यो । तर, उडानका लागि टिकट पर्खदा लगभग ५ महिना बित्यो । यो अवधि सम्म पहिले जम्मा गरेर राखेको सबै पैसा सकियो । पिडामा बितेका ति दिनहरु सम्झिँदा पनि आज आँखा रसाएर आउँछन् ।

लामो पर्खाइ पश्चात टिकट त पाइयो, तर टिकटको भाउ सुनेर मेरो स्वदेश फर्किने सपना कहिल्यै पूरा हुदैन जस्तो लाग्यो । मरण पनि विदेशमै हुन्छ जस्तो लाग्थ्यो । जब टिकट लिन गए अरुबेला भन्दा झण्डै ४ गुणा महँगो । अन्य बेलामा सामान्यतया रु.१८,००० मा सजिलै पाईने किटकको एकतर्फि मात्र २२०० दिरहाम (रु.६६,०००) पर्नेभयो । मैले घरमा सबै कुरा सुनाए । घरबाट जे जस्तो भए पनि फर्किनु भने । त्यसपछि साथीको सहयोग र आफु सँग बचेको पैसाले टिकट किने ।

महामारीको बेला सरकारले कालो बजारी रोक्ने भनेको थियो । खै त अन्तरराष्ट्रिय उडानमा भइरहेको कालो बजारलाई सरकारले रोक्न सकेको ? स्वास्थ्य सामाग्री, क्वारेन्टाइन, राहत जस्तो कुरामा अर्बौ खर्च गर्यो । तर, हाम्रो लागि एक रुपैयाँ पनि खर्च नगरेको कुराले साह्रै निराश बनाउँछ । यस्तो लाग्छ, हामी यो देशको नागरिक नै हैनौं । हामीले देश विकासका लागि केही गरेकै छैनौं । म भन्दा पनि कमजोर आर्थिक स्थिति भएका र रोजगार गुमेका साथिहरु अझै प्रदेशमा छन् । थाहा छैन उनिहरु नेपाल आउन सक्ने हुन की होइनन् । सरकारले विदेशबाट नेपाली नागरिकको उद्धार गर्ने त भन्यो, तर उचित व्यवस्था मिलाउन नसक्दा कैयो नेपाली दाजुभाइ तथा दिदी बहिनी विदेशमै फसेकाछन् । उनीहरुको उद्धार कसले गर्ने होला ?



**रितेश राम्जाली मगर**
नेपालगञ्ज, बाँके

# वर्किङ फ्रम होम – कार्यक्षेत्रमा दिगो प्रभाव



विलयम्सन मुर्रे ले उनको किताब "मिलिटरी एडप्टेशन इन वार: विथ फियर अफ चेन्ज" मा शैनिकले युद्धको कठिन परिस्थितिमा समस्याको सामना कसरी गर्छन र डरलाई सहासमा कसरी परिवर्तन गर्छन् भनेर गहन विश्लेषण गरेकाछन् । अहिलेको विषयवस्तु त्यो पनि हैन । तर, कितावमा भनिए अनुसार, परिस्थितिले मान्छेको व्यवहार र शैलिमा कसरी दिगो रुपमा परिवर्तन ल्याउनसक्छ भन्ने विषयवस्तुको उठान आजको समयमा सान्दर्भिक छ ।

अहिले विश्व नै ठप्प छ । मान्छेहरु आफ्नो व्यक्तिगत र व्यवसायिक दैनिकिलाई कसरी नियमित गर्ने भनेर विकल्प खोजिरहेकाछन् । कामको प्रकृति अनुसार धेरैले घरमै बसेर अनलाईनको माध्यमबाट काम सुचारु गरेकाछन् । प्रश्न, अब कहिले सम्म त्यसले निरन्तरता पाउँछ र कतिको प्रभावकारी छ भन्ने हो । एउटा सर्वेक्षण अनुसार अहिले घरमै बसेर काम गरिरहेकाहरु मध्ये करिब ४० प्रतिशत व्यक्तिहरु कोभिड – १९ को प्रकोप सकिए पश्चात पनि घरबाटै काम गर्ने शैलीलाई निरन्तरता दिनेछन् भनिएको छ । यसरी हेर्दा कोभिड – १९ ले मान्छेको दैनिकी र काम गर्ने शैलिमा पनि दिगो प्रभाव पार्ने देखिएको छ । यसका चुनौति र फाईदाको चर्चा पनि अहिलेको बहसको विषय बनेको छ । विश्व आर्थिक मञ्चले गरेको सर्वेक्षण अनुसार घरमै बसेर काम गर्दा निम्न प्रकारका क्रमिक चुनौतिहरु आईपर्ने देखिएकोछ ।

१. कामको नियमितता भंग हुनु
२. काम गर्न एक्लोपना महसुस हुनु
३. सहकार्य, समन्वय र सञ्चार
४. एकाग्रतामा अवरोध आउनु
५. एकैनासको जोस र जाँगर नहुनु
६. समयलाई छुट्टीको रुपमा लिनु
७. ईन्टरनेट राम्रो नहुनु




चुनौतीसंगै, घरमै बसेर काम गर्नुका फाईदा पनि छन् । जस्तै, आफु अनुकुल तालिकामा काम गर्न पाउनु, जुनसुकै ठाउँबाट काम गर्न सक्नु, घर देखी कार्यालय र कार्यालय देखी घर जाने समयको बचत हुनु र परिवारलाई सहयोग गर्दै कार्यालयको काम पनि गर्नु आदी । जसरी अहिले घरमै बसेर काम गर्ने संस्कृतिको विकास कोभिडको परिस्थितीले सृजना गर्‍यो, यसले अबको नव सामान्यीकरण पछि पनि कार्यालयको संरचनागत रणनीतिमा पनि परिवर्तन ल्याउनुपर्ने कुरालाई जोड दिएको छ ।

सही सूचना

# कोभिड - १९ का केसको सन्दर्भमा नेपाल र सार्कका अन्य राष्ट्रबिचको अवस्थाको तुलना

## संक्रमितको अनुपातमा सार्क राष्ट्रहरूमा कोभिड - १९ को अवस्था




माथिको ग्राफले छुट्टा छुट्टै सार्क राष्ट्रहरूमा कोभिड - १९ बाट मृत्यु भएका, सञ्चो भएका र सक्रृय संक्रमितको औषत संख्यालाई देखाउँछ । संक्रमित मध्ये, सक्रृय संक्रमितको सन्दर्भमा नेपाल सबै भन्दा अगाडी छ । हाल नेपालमा जम्मा संक्रमित मध्ये सक्रृय संक्रमितको संख्या ४१.२ प्रतिशत छ । यसका केही कारणहरू छन: १) नेपालमा संक्रमितको संख्या तिव्र गतिमा बढीरहेको छ । समुदाय स्तरमा संक्रमण फैलिएको पनि प्रमाणित भईसकेकोछ । अहिलेका सक्रृय संक्रमित प्राय नयाँ हुन । यसले नेपालमा संक्रमणको दर तिव्र गतिमा फैलिदैछ भन्ने संकेत गर्दछ । २) कोभिड - १९ महामारीको पछिल्लो ५ महिनाको तुलनामा नेपालको स्वास्थ्य प्रणालीमा कामको चाप उच्च छ । जे भए पनि नेपालमा संक्रमणको दर एकदमै बढेको छ । यदि अवस्था यस्तै रहिरहने हो भने, आउँदा दिनहरू अझै जटिल बन्दै जानेछन् । समुदाय स्तरमा संक्रमण फैलिने दर पनि बढ्दै जानेछ र भाईरस विरुद्ध लड्न असमर्थ हुनेछौं ।

स्रोत: HEOC, MoHP, SitRep

**DISCLAIMER**

यो अंकमा समेटिएका हल्ला, सवाल तथा सूचनाहरू, बिभिन्न संस्था तथा व्यक्ति, नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय र विश्व स्वास्थ्य संगठनको वेब पेज, सामाजिक सञ्जाल, ७ वटै प्रदेशमा रहेका कम्युनिटी फ्रन्टलाईनर्स र सिभिक एक्सन टिमले यहि अगस्त महिना भित्र २००० भन्दा बढि व्यक्तिसंगको संवादबाट संकलन गरिएका हुन् । विषयको महत्व, सान्दर्भिकता र तीव्रतालाई ध्यान दिएर हल्ला, सवाल तथा जिज्ञासाहरू छनोट गरीएका छन् । यो अंकमा समेटिएका जानकारी बुलेटिन प्रकाशित भएको मिति सम्म सत्य छन् ।

**Coronavirus CivActs Campaign** is brought to you by **Accountability Lab Nepal**.

accountabilitylab communities

@CivicActionTeams @civacts @CivActs

CivActs | Email: civactsnp@accountabilitylab.org | Phone: 9851203219